थाहानगर अध्यक्षमा गोपाली । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-१७ ● २०७८ कार्तिक २२ गते सोमबार, ● 08 Nov. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# चन्द्रागिरी सडकमा सवारी संचालन स्थगित निर्माण कार्य पुनः शुरू हुने

विकास संवाददाता
थाहानगर

गत दशैंअघिबाट सुचारू गरिएको चित्लाङ-थानकोट सडक आगामी २८ कात्तिकदेखि पूर्णरूपमा बन्द हुने भएको छ । मुख्य चाडबाड सकिएलगत्तै अब निर्माणको काम अघि बढ्ने भएकोले अर्को सूचना नभएसम्मका लागि सवारी आवागमन पूर्णरूपमा बन्द गर्न लागिएको चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माण सरोकार समितिले जनाएको छ ।

रामशरण नेपालको अध्यक्षता र संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीको उपस्थितिमा २२ कात्तिकमा बसेको सरोकार समितिको विस्तारित बैठकले २६ कात्तिकबाट सडक निर्माणको काम पुनः शुरू गर्ने र २८ कात्तिकबाट पूर्णरूपमा सवारी आवागमन बन्द गर्ने निर्णय गरेको हो । 'कैलाश, थाहा र इन्द्रसरोबरका बासिन्दालाई काठमाण्डौं आउजाउ गर्न बाटो क्लियर छ, तर सडक निर्माण जारी रहँदा जोखिम हुने भएकोले बन्द गर्ने निर्णय गरिएको हो' सडक निर्माणका अभियन्ता बुद्धरत्न मानन्धरले भने ।

चित्लाङ थानकोट सडकअन्तर्गत् थानकोट-चन्द्रागिरी खण्डको ठेक्काको म्याद आगामी चैतबाट सकिने हुँदा तोकिएको म्यादभित्र तोकिएका काम सक्नु निर्माण पक्षमाथि दवाव छ । 'जनताको माग पनि छिटो भन्दा छिटो बाटो बनोस् भन्ने छ, त्यही भएर चाडबाड सकिएलगत्तै काम शुरू गर्न लागेका हौँ' समितिका सदस्य रामशरण नेपालले थाहाटाइम्ससित भने ।

सडक निर्माण सरोकार समितिका अनुसार थानकोटबाट २५०० मिटरदेखि ८२५० मिटरसम्मको सडकको 'ट्र्याक क्लियर' भइसकेको । यो खण्डको पानीघाट घुम्तीमा रेडियस र ग्रेड मिलाउने कामबाट अघि बढेको समितिले ३१६० मिटर सडकमा मेशिनरी वाल उठाउने, ३४२० मिटर सडकसम्म डाउन गर्ने, ३५८० मिटर सडकसम्म २ मिटर माटो भर्ने, ३७८० मिटरसम्म ढिस्को काट्ने, पहिरो हटाउने, खोल्छीको मोडलाई २५ मिटरको रेडियसमा घुमाउने लगायतको काम भएका छन् । त्यस्तै डोजर झरेको मोडमा रक



"कैलाश, थाहा र इन्द्रसरोबर का बासिन्दालाई काठमाण्डौं आउजाउ गर्न बाटो क्लियर छ, तर सडक निर्माण जारी रहँदा जोखिम हुने भएकोले बन्द गर्ने निर्णय गरिएको हो"

कटिङ गर्नेदेखि कतिपय मोडलाई ३० मिटरसम्म पर धकेलिएको छ भने सेतो पहरालाई समेत छिचोल्न सफल भएको छ ।

सडक निर्माणका मुख्य अभियन्ता सुभाषचन्द्र ठकुरीका अनुसार अँधेरी खोल्छामा रक कटिङ गरेर उजेली खोल्छा बनाइएको छ भने ३ वटा अप्ठ्यारा घुम्तीहरूलाई 'क्यान्सिल' गरिएको छ । ठकुरीले थानकोटदेखि चन्द्रागिरीसम्म सडक छिचोल्दा यसलाई सामान्य हिसाबले 'ट्र्याक ओपन' भनिए पनि त्यो भन्दै धेरै गरिएको बताए । उनले ७९०० मिटर सडकमा २२ मिटर अगाडि अर्को मोड बनाएर ढिस्को कटिङ गरेर नमुना प्राकृतिक वालसमेत निर्माण गरिएको जानकारी दिए ।

ठकुरीका अनुसार अब छाप्रोमाथिको खोल्छीको मोड सुधार गर्नुपर्ने, थुप्रेको माटो फाल्नुपर्ने, डोजर झरेको मोडमा ३ मिटर बाहिर आउनेगरी वाल लगाउनुपर्ने, सबै ठाउँमा १० मिटर हुनेगरी चौडा बनाउनुपर्ने, पश्चिम ६ किलोमिटरको मोडमा ३ मिटर बाहिर वाल लगाउनुपर्ने, अधेरी खोल्छीको बाटो फराकिलो बनाउनुपर्ने, राम्चेको जेड कटिङसम्मको सिङ्गल बाटोलाई डबल बनाउनुपर्ने जस्ता कामहरू गर्नुपर्नेछ ।

# गाउँपालिका अध्यक्ष मोक्तानलाई निलम्बन पत्र

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष टंक मोक्तानलाई निलम्बन गर्न विशेष अदालत काठमाडौँले पत्र पठाएको छ । अख्तियार दुरूपयोग अनुसान्धान आयोगले असोज १५ गते भ्रष्टाचार अभियोगमा अध्यक्ष मोक्तान सहित कर्मचारीहरू विरूद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको थियो ।

असोज १७ गते नै अध्यक्ष मोक्तानलाई निलम्बन गर्न विशेष अदालत काठमाडौँले पत्र पठाए पनि सो पत्र गाउँपालिकाको कार्यालयमा कार्तिक ९ गते मात्रै दर्ता भएको हो । त्यसयता अध्यक्ष मोक्तान गाउँपालिकाको कार्यालय गएका छैनन् । हाल उपाध्यक्ष सुकुमाया थिङले



कार्यावाहक अध्यक्षको जिम्मेवारी सम्हालिरहेकी छन् ।

एमालेबाट निर्वाचित अध्यक्ष मोक्तान एमाले विभाजन पछि हाल नेकपा समाजवादीमा प्रवेश गरेका थिए । उनी नेकपा समाजवादी मकवानपुरका नेता समेत हुन् ।






# सम्पादकीय

## विद्युत महशुलमा राहत

सरकारले विद्युत महसुलमा उल्लेख्य परिवर्तन गरेको छ । सरकार परिवर्तनपछि नयाँ ऊर्जामन्त्रीबाट सुधारका योजना प्रस्तुत भएका थिए । जसमा बिपन्नका लागि नि:शुल्क विद्युत सेवा दिने घोषणा गरिएको थियो । यसलाई कार्यक्रमिक रुप दिँदै विद्युत नियमन आयोगले महसुल समायोजन गर्ने निर्णय गरेको छ । मंसिरबाट लागु हुने महसुलदरअनुसार ५ एम्पियरको लाइन लिने सिंगल फेज घरायसी ग्राहकले २० युनिटसम्म खपत गर्दा सेवा शुल्क ३० रुपैयाँ मात्रै तिरे पुग्नेछ । यो सुविधाबाट करिब २२ लाख ग्राहक लाभान्वित हुनेछन्, त्यसका लागि प्राधिकरणले वर्षमा ७५ करोड बराबर लगानी गर्नुपर्नेछ । सरकारले इन्डक्सन चुल्हो र विद्युतीय उपकरणको प्रयोग बढी हुने युनिटअनुसारको स्ल्याबमा पनि महसुल दर घटाएको छ भने बढी विद्युत खपत गर्ने ग्राहकले पनि कम महसुल तिरे पुग्ने व्यवस्था गरिएको छ । सबैभन्दा बढी लाभ सिंचाईका ग्राहकले पाएका छन् । उनीहरुको महसुल ८० प्रतिशतसम्म घटाइएको छ । सिंचाईमा दिइएको सुविधाका लागि प्राधिकरणले वर्षमा ५६ करोड योगदान गर्नुपर्नेछ । झण्डै २२ लाख विपन्नलाई लक्षित गरेर घरायसी महसुल घटाएको ऊर्जा मन्त्रालयको भनाइ छ । त्यसो त विद्युत कम प्रयोग गर्ने जोकसैले पनि यो सुविधा लिनेछन् तर आर्थिक अवस्था कमजोर भएका परिवारले कम प्रयोग गर्छन् भन्ने मनशायका साथ सरकारले यस्तो घोषणा गरेको होला ।

अझ महत्वपूर्ण कुरा सिंचाईका लागि प्रयोग हुने विद्युतमा ८० प्रतिशतसम्म महसुस घटाउँदा किसानलाई ठूलो सहुलियत हुनेछ । यी दुबै कार्यक्रमका लागि विद्युत प्राधिकरणले वार्षिक सवा एक अर्बभन्दा बढी योगदान गर्नुपर्नेछ । विपन्न नागरिकका लागि वार्षिक ७५ करोड र किसानका लागि ५६ करोड योगदान हुनुलाई सरकारको सकारात्मक कदम मान्न सकिन्छ । यसबाट एकातिर नेपालमा विद्युत सुधारका प्रयास सफल हुँदै गएको देखिन्छ भने अर्कोतिर विद्युत प्राधिकरणजस्तै अन्य संस्थानहरुले पनि परिणाममुखी काम गर्नसक्ने हो भने मुलुकको विकासलाई अगाडि बढाउन सकिन्छ भन्ने आशा पनि पलाएको छ । विद्युत प्राधिकरणमा सुधारको प्रयास थालनी भएको झण्डै आधा दशक भएको छ । दैनिक १८ घण्टासम्म लोडसेडिङको मारमा रहेको नेपाललाई लोडसेडिङमुक्त गरेर अहिले विपन्न नागरिक र किसानका लागि राहतमूलक कार्यक्रम घोषणा गर्नसक्ने अवस्थासम्म जसरी विद्युत प्राधिकरण पुगेको छ, यो राजनीतिक र प्रशासकीय नेतृत्वको सफल ब्यवस्थापनको परिणाम हो भन्न संकोच मान्नुपर्दैन । त्यसो त नेपालको विद्युत सेवामा पूर्ण सुधार आइसक्यो भन्ने होइन । अहिले पनि विद्युत आपूर्तिमा पर्याप्त समस्या छन् । पटक–पटक सेवा अवरुद्ध हुने समस्या कायम छ । पुराना संरचनाका कारण यसो भएको प्राधिकरणले बताउने गरेको छ र यथार्थ होला पनि तर यसको सुधार अबको प्राथमिकता बन्नुपर्छ ।

विद्युत आपूर्तिमा सुधार गर्दै देशब्यापी विद्युतीकरणको दिशामा मुलुकलाई लैजानुपर्छ । अझ महत्वपूर्ण कुरा त विद्युत उत्पादनलाई गुणात्मकरुपमा बृद्धि गरेर छिमेकी तथा तेस्रो मुलुकसम्म बिक्री गरी नेपाललाई जलस्रोतको माध्यमबाट सम्पन्न बनाउने अभियानमा दीर्घकालीन कार्यक्रम बनाउन ढिला गर्नुहुँदैन । अहिले पनि नेपालमा विद्युत उत्पादनको दर निकै न्यून छ । मुलुकका धेरै विकास सूचकहरु नकारात्मक रहे पनि विद्युत सुधारको क्षेत्रमा केही आशालाग्दा संकेत नै देखिएका छन् । नेपाललाई लोडसेडिङमुक्त गर्नु विद्युत सुधारको पहिलो कदम थियो भने अहिले वार्षिक सवा अर्बको दायित्व लिएर विपन्न र किसानलक्षित महसुस कटौती गर्नु दोस्रो कदम हो । अब विद्युत सेवाको आपूर्तिमा सुधार र देशब्यापी विद्युतीकरणका साथै विद्युत उत्पादन बृद्धिको रणनीतिक योजना बनाएर सबैमा सकारात्मक सन्देश दिनू आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बालश्रमका जटिलता र स्थानीय सरकारको भूमिका



रमेश घिमिरे

बालबालिकाको शारीरिक, मानसिक र शारीरिक विकासमा प्रतिकूल असर पर्ने सबै कार्य बालश्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालश्रमको अन्त्य महत्वपूर्ण पूर्वसर्त हो । बालश्रम अन्त्य बालबालिकाको नैसर्गिक अधिकार मात्र होइन, विकासको महत्वपूर्ण सूचक र देश निर्माण गर्ने सक्षम युवाशक्ति निर्माणको पूर्वाधार पनि हो ।

२०७२ सालमा जारी भएको नेपालको संविधानले मौलिक हकअन्तर्गत बालबालिकाको हकको व्यवस्था गरेको छ, जसअनुसार बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइनेछैन । बालश्रम (नियमित र निषेध गर्ने) ऐन, २०५६ ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमयुक्त काममा लगाउन नपाउने भनेको छ । श्रम ऐन, २०७४ ले कानुनविपरीत हुने गरी बालबालिकालाई कुनै पनि काममा लगाउन नपाउने व्यवस्था गरेको छ ।

बालश्रम रोक्न संस्थागत व्यवस्थाको रूपमा केन्द्रीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय रहेका छन् । स्थानीय स्तरमा श्रम तथा रोजगार कार्यालयहरू र बालबालिका खोजतलास केन्द्र रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आएपछि बालश्रम अन्त्य गर्ने जिम्मेवारी वडा अध्यक्षलाई तोकिएको छ ।

बालश्रमको अत्यधिक सम्भावना साना खाजाघर, छोटो दूरीका सार्वजनिक यातायात, इँटा उद्योग, गिट्टी कुट्ने, घर निर्माण, घरेलु उद्योग, घरभित्रको काम, लागूऔषध, यौन कारोबार, सडक व्यापार, भरिया, साना मनोरञ्जन सेवा देखिन्छ । औपचारिक क्षेत्रमा लगभग बालश्रम अन्त्य भइसकेको छ । अनौपचारिक क्षेत्रमा भएको बालश्रम रोक्न सबैभन्दा प्रभावकारी संस्था वडा कार्यालय नै हो ।

संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकासका लक्ष्यहरू (२०१६ देखि २०३०) मा बालश्रममुक्तलाई एउटा सूचक मानिएको छ, जसअनुसार सन् २०२५ भित्र विश्वबाट बालश्रम अन्त्य गरिनेछ । एजेन्डा २०३० भनिने दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि विश्वका १ सय ९३ सदस्य राष्ट्रहरूले सन् नीतिगत व्यवस्था पूरा गरेर क्रियाकलाप सुरू गरेका छन् ।

नेपाल सरकारले बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५ देखि २०८५) लागू गरेको छ, जसअनुसार वि.सं. २०७९ सम्म सबै प्रकारका निकृष्ट र शोषणयुक्त बालश्रम अन्त्य भइसक्ने र २०८२ सालसम्म सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ । अधिकार र स्रोतसाधन सम्पन्न स्थानीय सरकारहरू २०७४ सालमा स्थापित भएका छन् । नेपाल सरकारले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ जारी गरेको छ । जसअनुसार वडास्तरमै कार्य गरेर जुन वडामा बालश्रम पूर्णत: अन्त्य हुन्छ, त्यो वडालाई बालश्रममुक्त वडा घोषणा गरिन्छ । एवम् रीतले सबै वडा, पालिका, प्रदेश र देश नै बालश्रममुक्त घोषणा हुनेछ ।

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय सरकारले कार्यविधिबमोजिम केन्द्रीय सरकारमा प्रस्ताव पेस गर्नुपर्छ । कार्यान्वयन स्थानीय सरकारबाट हुने र त्यसमा प्राविधिक, नीतिगत र बजेटरी सहयोग नेपाल सरकारबाट हुनेछ ।

बालश्रम अन्त्यका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय घोषणा, नीतिगत व्यवस्था, संस्थागत व्यवस्था, कार्यजिम्मेवारी अद्यावधिक भएको अवस्था छ । यसले गर्दा कार्यमा समन्वय, सामञ्जस्यता र एकरूपता जरूरी छ । बालश्रम, निकृष्ट बालश्रम, शोषणयुक्त, जोखियुक्त बालश्रम, सबै प्रकारका बालश्रमजस्ता परिभाषाहरू स्पष्ट र सरलीकृत हुनु जरूरी छ ।

### श्रम भर्सेस बालप्रतिभा

कुन कामलाई श्रम मान्ने, श्रमभित्र पनि कुन प्रकारको श्रम मान्ने र कुन कामलाई सिकाइ मान्ने भन्ने विषय अझै स्पष्ट हुनु जरूरी छ । नेपालको कानुनअनुसार १४ वर्षमुनि बालश्रम पूर्ण गैरकानुनी र १४ देखि माथि १८ वर्षसम्म सीमित श्रममा ससर्त लगाउन सकिने व्यवस्था छ । दिगो विकास लक्ष्यले १७ वर्षमुनिलाई बालश्रम मानेको छ ।

बालश्रमलाई कामको प्रकृति र कामको अवधिको आधारमा श्रम वा सिकाइ भनेर छुट्ट्याउनुपर्छ । कुनै काम थोरै समय गर्दा पनि जोखिमपूर्ण नै हुन्छ । कुनै काम थोरै समय गर्दा सिकाइ हुन्छ । त्यही काम लामो समय गर्दा श्रम हुन जान्छ ।

नेपालको कानुनले क्षेत्रगत आधारमा बालश्रमलाई जोखिमपूर्ण भनी छुट्ट्याएको छ । ग्यारेज, खानी, भट्टा, कारखाना ठाउँ जोखिमपूर्ण हुन् । तर, त्यहाँ बालबालिकालाई चिठीपत्र ओसार पसार गर्ने वा पसलमा गएर दैनिक आवश्यक सरसामान किन्ने जस्ता काम लगाइएको छ भने त्यो जोखिमपूर्ण हुँदैन ।

नेपालमा सामाजिक सञ्जालको प्रयोगले बालकलाकारहरू उत्पादन भइरहेका छन् । उनीहरूको प्रतिभाको व्यावसायिक उपयोग पनि भइरहेको छ । बालबालिकाले आफ्नो विवेकले सही निर्णय लिन सक्दैनन् कि कति समय कलाकारितामा बिताउन उचित हुन्छ । गुगल कम्पनीमा १४ वर्षका बालकले ह्यान्डसम जागिर खाएका छन् । कम्प्युटर सफ्टवेयरको क्षेत्रमा त्योभन्दा कम उमेर का बालबालिका काम गर्न सक्षम देखिन्छन् । तर, उनीहरूलाई रोजगारी दिने सन्दर्भमा कानुनी जटिलता हुने गरेको छ ।

### गैरश्रमिक बालबालिका

हेराइ, बुझाइ र वास्तविकतामा भिन्नता हुन सक्छ । खोला किनारमा बालुवा चाल्ने बाबुआमासँगै बालबालिका पनि हुन्छन् । बालबालिका स्कुल जान पाएका छैनन्, घरमा रेखदेख गर्ने मानिस छैनन् । बाबुआमासँगै खोलाछेउ गएर खेल्ने र आमाबाबुलाई काममा सहयोग गर्ने अवस्था रहन्छ । हेर्दा बालबालिकालाई श्रममा लगाएजस्तो देखिन्छ ।

यस्तै अवस्था इँटा उद्योगमा हुन्छ । इँटा उद्योगमा सिजनल रोजगारी हुन्छ । देश विदेशका टाढा ठाउँबाट श्रमिकहरू काम गर्न आएका हुन्छन् । उनीहरूका सन्तान पनि साथमै हुन्छन् । बाबु आमाले काम गर्दा उनीहरू कार्यस्थलमै खेल्ने र काममा सघाउने पनि गर्छन् ।

### सचेतना, कारबाही र पुनर्स्थापना

बालबालिकाले गरिरहेको कार्य बालश्रम, निकृष्ट श्रम, जोखिमपूर्ण श्रम हो–होइन भन्ने कतिपय अवस्थामा निर्क्योल गर्न कठिन हुन्छ । त्यसैले कहाँ दण्ड, जनचेतना र उद्धार संरक्षण आवश्यक हो भन्ने सुझबुझ र विवेकपूर्ण निर्णय लिनुपर्ने हुन्छ ।

सामाजिक मूल्य–मान्यता र गरिबीका कारण बालबालिका काम गर्न वा गराइन बाध्य भएका हुन्छन् । यो कार्य गैरकानुनी हो भन्ने थाहा नभएर काममा लगाइएको पनि हुन्छ । नियतवश नै शोषण गर्ने वा अधिक मुनाफा गर्ने उदेश्यले बालश्रम लगाइएको पनि हुन सक्छ ।

बाबुआमाको गलत सोचका कारण बालबालिका घर छोड्न बाध्य भएका हुन् भने सचेतना दिएर घरमै पुनर्स्थापना गर्नुपर्छ । आर्थिक अभाव हो भने फरक विकल्प अपनाउनुपर्छ ।

इँटा उद्योग, खानी उद्योगजस्ता श्रमिकहरू एकीतृत भएर काम गर्ने क्षेत्रमा बाल सेवा केन्द्र आवश्यक हुन्छन् । विद्यालयहरूमा भर्नाको सुविधा आवश्यक हुन्छ । छरिएर काम गर्ने अभिभावकको साथमा हिंड्नुपर्ने बालबालिकाका लागि फरक विकल्प अपनाउनुपर्छ ।

बालबालिकाले समेत काम नगरी पारिवारिक खर्च धान्न नसकिने घरपरिवार पनि हुन्छन् । उनीहरूका लागि सित्तैंमा शिक्षाको सुविधा भएर मात्र पुग्दैन । उनीहरूले स्कुल नजाँदा गर्ने आम्दानीको समेत क्षतिपूर्ति हुने गरी प्रबन्ध गर्नुपर्छ ।

### लुकेका बालश्रमिक

जहाँ सेवाग्राही धेरै हुन्छन्, पारदर्शी हुन्छ, त्यहाँ बालबालिकालाई शोषणको सम्भावना कम हुन्छ । लुकेको श्रम गर्ने बालबालिकाहरू भने शोषणमा पर्ने सम्भावना बढी हुन्छ ।

घरेलु कामदारको रूपमा अन्य ठाउँबाट बालबालिका ल्याएर काममा लगाउने प्रचलन देखिन्छ । गरिबी, असहाय, अनाथ बालबालिका यस्तो काममा लगाइन्छन् । यस्ता बालबालिकाको जन्म दर्ता र नागरिकता प्राप्तिमा पनि समस्या पर्ने गर्दछ ।

काठमाडौं सहरमा कोभिडविरूद्धको खोप लगाउने क्रममा कैयौं वयस्क घरेलु

... बाँकी पेज ३ मा

# चिसोमा हात-खुट्टाको जोर्नी दुख्छ ? हेलचेक्रयाइँ नगरौं

चिसो मौसम शुरू भइसकेको छ । यसबेला अनेकथरी शारीरिक समस्याले मानिसहरूलाई सताउने गर्दछ । तीमध्ये एउटा साझा समस्या हो, आर्थराइटिस वा गठिया रोग ।

सामान्यतया जोर्नी दुख्ने समस्या सबै लिंग र उमेर समूहमा देखिने गर्छ । तर ज्येष्ठ नागरिक, बालबालिका र महिलाहरूमा यसको दुखाइ बढी हुने गरेको चिकित्सकहरू बताउँछन् ।

दुईपाङ्ग्रे सवारीका चालक हुन् वा बिहान-बेलुका घरबाहिरको काममा खटिने विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिमा हातखुट्टाको जोर्नी दुख्ने र सुन्निने समस्याबाट बढी पीडित हुने गरेको हाडजोर्नी विशेषज्ञहरु बताउँछन् ।



### कति प्रकारको हुन्छ आर्थराइटिस ?

सामान्यतया आर्थराइटिस दुई किसिमको हुन्छ । एउटालाई अस्टियो आर्थराइटिस भनिन्छ भने अर्कोलाई रूमेटाइड आर्थराइटिस नाम दिइएको छ ।

घुँडा, कुहिनो, काँध, हात वा पूरै शरीरको कुनै पनि जोर्नीमा यो समस्या देख्न सकिन्छ । रूमेटाइड आर्थराइटिसमा थकान महसुस हुने एवं रोग प्रतिरोध क्षमता कमजोर हुँदै जाने गरेको देखिन्छ । साथै, भोक नलाग्ने जस्ता समस्या पनि देखिन्छ ।

### जाडोमा किन बढ्छ आर्थराइटिस ?

हाडजोर्नी विशेषज्ञ डा. श्रीकृष्ण गिरी जाडो मौसममा जोर्नीमा हुने तन्तुहरुमा दबाब सिर्जना हुने भएकोले जोर्नीको दुखाइ महसुस हुने बताउँछन् । यसको मुख्य समाधान नै चिसोबाट शरीरलाई जोगाउनु हो । वीर अस्पतालका हाडजोर्नी विभागका पूर्वप्रमुख समेत रहेका डा. गिरीका अनुसार यस मौसममा जोर्नीका तन्तुहरू फुल्छन्, जसले स्नायुमा दबाब सिर्जना गर्छ र दुखाइको महसुस हुन्छ ।

### आर्थराइटिसको लक्षण के-के हुन्छ ?

डा. गिरीका अनुसार आर्थराइटिस भएमा जोर्नी सुन्निनुका साथै हातखुट्टा चलाउन समेत समस्या हुने गर्छ । शरीरको कुनै अंगमा यो समस्या देखियो भने त्यसले शरीरको अरू अंगलाई पनि प्रभावित गराउने जोखिम बढी हुन्छ । हड्डीको जोर्नीमा हुने दुखाइ, जकडिएको जस्तो हुनु एवं सुन्निनु नै आर्थराइटिसको मुख्य लक्षण हो । साथै, जोर्नी आसपासको अंग रातो हुँदै जानु, हिँडाइको गतिमा कमी आउनु जस्ता लक्षण पनि देखिने गर्छ । आर्थराइटिसको लक्षण बिहानको समयमा बढी देखिन्छ ।

### जोर्नी सुन्निनुलाई सामान्य नसम्झौं

धेरै मानिस चिसो मौसममा जोर्नी सुन्निनुलाई सामान्य मानेर ढुक्क भएर बस्छन् । तर, चिसो मौसममा जोर्नी सुन्निएको वा दुखेको छ भने ढुक्क भएर बस्न नहुने हाडजोर्नी विशेषज्ञ डा. गिरी बताउँछन् । मुटुमा समस्या हुँदा र चिसोले तन्तु सुन्निँदा उस्तै समस्या देखिने भएकाले चिसोको कारणले नै जोर्नी सुनियो भनेर ढुक्क हुनसक्ने अवस्था नरहेको उनको भनाइ छ ।

चिसोका कारण जोर्नी दुखेको हो भने न्यानो कपडा लगाउने र तातो तेल लगाएर सेक्दा दुखाइ कम हुन्छ । अन्यथा दुखाइ यथावत् रहन्छ । चिसोमा यस्तो समस्या लामो समयसम्म देखियो भने मुटुको परीक्षण पनि गर्नु उपयुक्त हुन्छ ।

### जीवनशैली परिवर्तनबाट जोर्नीको दुखाइ नियन्त्रण

यो समस्या चिसो, वंशाणुगत वा अन्य दीर्घरोगको कारण पनि निम्तिने गर्दछ । जोर्नीको दुखाइबाट बच्न भिटामिन डी आवश्यक पर्छ । यसका लागि जतिसक्दो धेरै समय घाममा बस्नुपर्ने चिकित्सकहरूको सुझाव छ । घाममा बस्दा शरीर न्यानो हुने मात्र नभई शरीर लाई आवश्यक भिटामिन डीको मात्रा पनि पाउन सकिन्छ ।

भिटामिन डी प्राप्त गर्नका लागि अन्य पूरक खानेकुरा पनि खान सकिन्छ । जाडोमा मानिसहरू प्रायः हाइड्रेटेड रहन बिर्सन्छन् र शरीरमा पानीको मात्रा कम हुँदा स्वास्थ्यसँग सम्बन्धित धेरै समस्या देखा पर्छ । विशेषगरी शरीर दुख्ने समस्या कम पानी पिउँदा निम्तिने समस्या हो ।

जाडो मौसममा घरभित्र बस्दा पनि मोटोपन बढ्न सक्छ । बढी तौलले घुँडा र खुट्टामा समस्या पैदा गर्छ । चिसोमा व्यायाम र काम गर्न चुनौतीपूर्ण भएपनि सक्रिय भइरहनुपर्छ ।

जाडोमा बाथ रोगबाट पीडितहरूले तातोपानीले नुहाउनु उपयोगी हुने चिकित्सकहरु सुझाउँछन् । तातोपानीमा पौडी वा स्टिम बाथ गर्नु शरीरका लागि फाइदाजनक हुन्छ । माछाको तेलमा ओमेगा ३ फ्याटी एसिड हुन्छ । हड्डीको समस्या भएकाहरूको लागि यो उपयोगी मानिन्छ ।

## दोस्रो पटक चिया तताएर पिउनु के हानिकारक हुन्छ?



चिया पिउन कसलाई मन पर्दैन होला र, अझ यो त हाम्रो आतिथ्य सत्कार नै हो कि पाहुना आउँदा सुरुमा चिया बनाएर दिनु । यसले थकान, टाउको दुखाइलगायतका समस्या कम गराउनुका साथै स्फूर्ति पनि दिन्छ ।

तर, केहीले एकपटक बनाएको चिया दोस्रो पटक तताएर खाने पनि गर्छन्। चिया दोस्रो पटक तातो बनाएर पिउँदा यसले केही बेफाइदा गर्छ कि, तपाईँलाई थाहा छरू छैन भने आउनुस् यसबारे चर्चा गरौँ।

चिया बनाएको १५-२० मिनेटभित्रै खाइहाल्नुपर्छ। धेरै बेरसम्म चिया राखिरहँदा त्यसमा रहेको पोषक तत्व हराएर जान्छ । दोस्रो पटक तातो बनाएको चियामा हुने निकोटिनले स्वास्थ्यमा नकारात्मक असर गर्छ। साथै, यसले पाचन प्रक्रियालाई पनि बिगार्ने गर्छ ।

एकपटक चिया बनाएर लामो समयसम्म यसलाई त्यतिकै छोड्दा यसमा ब्याक्टेरिया आउने गर्छन् । त्यसैले चिया बनाउँदै हुनुहुन्छ भने त्यसलाई तत्कालै पिउने गर्नुस् बचेको छ भने सकभर त्यसको उपभोग नगर्नुस् ।

## बालश्रमका जटिलता र.. .. ...

कामदार यस्ता देखिएका, जसलाई आफ्नो जन्मस्थान, घर र आफन्तको बारे स्पष्ट जानकारी छैन । सानै उमेरमा घरेलु कामदारको रूपमा एकै व्यक्तिको घरमा सीमित छन् । ३०-४० वर्ष पुग्दासम्म उनीहरूसँग नागरिकता प्रमाणपत्र छैन । कतिपय पहुँचवाला व्यक्तिले आफ्नो घरमा राखेका कामदारलाई स्कुल भर्ना गराउने गरेका छन् । उनीहरूले गरिब, असहायका लागि छुट्ट्याइएको छात्रवृत्ति र अन्य सुविधा आफ्ना कामदारको नाममा लिने गर्छन् । कामदारबाट लाभ आफूले लिने र दायित्व राज्यबाट भराउने गर्छन् । सामुदायिक स्कुलमा अभिभावकको नाममा राजनीति गर्न पनि यस्ता भर्ना सहायक हुने गरेका छन् ।

अरूका छोराछोरी घरमा राख्ने हो भने अदालतबाट आफू संरक्षक-माथवर प्रमाणीकरण गराउनुपर्छ वा बालबालिकालाई धर्म पुत्रपुत्री प्रमाणीकरण गर्नुपर्छ । कानुनी अभिभावकत्व निश्चित नगरी अन्यत्रबाट ल्याएर बालबालिकालाई संरक्षण नै दिँदा पनि उनीहरू अधिकारबाट वञ्चित हुन पुग्छन् ।

### नेपालको प्रगति समीक्षा

बालश्रम अन्त्यका लागि दुई दशकदेखि हुँदै आएको प्रयत्न सार्थक नै देखिएको छ । २०५६ सालमा बालश्रम ऐन जारी हुँदा बाल श्रमिकको संख्या २६ लाख थियो । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय जनसंख्या विभागले गरेको अध्ययनबाट उक्त तथ्यांक आएको थियो । तत्पश्चात् सरकारी र गैरसरकारी क्षेत्रबाट बालश्रम अन्त्यका विभिन्न प्रयत्नहरू भए ।

सन् २००८ मा केन्द्रीय तथ्यांक विभाग र अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको पहिलो सर्भेमा बालश्रमिकको संख्या १६ लाखमा झरेको देखियो । दोस्रो नेपाल बालश्रम सर्भे प्रतिवेदन, २०२१ ले यो संख्या ११ लाखमा झरेको देखाएको छ । त्यसमा २ लाख २० हजार बालबालिका जोखिमयुक्त काममा संलग्न देखिएको छ ।

### निष्कर्ष

माथि उल्लेख भएका सबै परिस्थितिको विश्लेषण गर्दा बालश्रम अन्त्यका लागि स्थानीय सरकारको भूमिका प्रभावकारी हुने देखिन्छ । कानुनी र संस्थागत संरचनाले पनि स्थानीय सरकारकै भूमिकालाई महत्वपूर्ण मानेको छ । राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रोजगारदाताका छाता संगठनहरू र सबै तहका सरकारहरूको समन्वयात्मक र सकारात्मक प्रयासबाट यस प्रयत्नमा अपेक्षित नतिजा हासिल गर्न सकिनेछ ।

### थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |



# मकवानपुरगढीमा स्थानीय सरकार आएपछि बने दर्जन पुल



◆ विकास संवाददाता

बागमती प्रदेशको मुकाम हेटौँडासँगै सीमाना जोडिएको मकवानपुरगढी गाउँपालिकालाई सामरी खोलाले दुई क्षेत्रमा विभाजित गरेको छ ।

सामरी खोला पारी ठूलो जनसंख्या भएका वडा छन्, जुन उत्तरी क्षेत्रमा भीमफेदी गाउँपालिकासँग जोडिएका छन् । पश्चिततर्फ हेटौँडासँग सीमाना जोडिएका वडा छन् । करिब ४ वर्षअघि उत्तरी तर्फका ५ र ६ नम्बर वडाबासी बर्खा लाग्नुअघि नै हेटौँडा पुगेर चार महिनालाई पुग्ने खाद्यान्नलगायतका सामान ल्याउने गर्थे । ढुक्कै थियो- बर्खा लागेपछि सामरी खोला, ज्यामिरे खहरेमा पानीको बहाव बढेपछि हेटौँडा जान सकिँदैन । 'हामीले पहिला खोला बढेपछि हेटौँडा जान सकिन्न भनेर ४ महिनालाई पुग्ने नुन, तेलका सामान पहिल्यै लेराएर राख्थ्यौं ।' वडा नम्बर ५ का इन्द्रजीत देवकोटा भन्छन्, 'हेटौंडा जानपनि हामीलाई बर्खा सकिनु पर्थ्यो,' उनले पुलको विकल्प नभएको अवस्थामा पालिकाले जनताको आवश्यकताअनुसार पुल निर्माण गरेकोमा खुसी व्यक्त गरे ।

हेटौँडाको बुद्धचोकबाट ५ नम्बर वडा आइपुग्न जम्मा ९ किलोमिटर र ६ नम्बर वडा पुग्न करिब १५ किलोमिटरको दूरी छ । ६ नम्बर वडा तरकारी उत्पादनका लागि गाउँपालिकाकै पकेट क्षेत्र हो । मौसमी तरकारी उत्पादनका लागि डुम्रेकुना र बाग्दली प्रख्यात छ । तर, विगतका बर्खामा उत्पादित तरकारीपनि बजार लैजान नसकिएको डुम्रेकुनाका विष्णु सिलवाल बताउँछन् । उनले स्थानीय तह आएपछि गाउँको मुहार नै फेरिएको बताए ।

मकवानपुरगढी साविकको आमभञ्ज्याङ, गढी, सुकौरा र बढीचौर गाउँ विकास समिति मिलेर गाउँपालिका बनेको हो । साविकको गाविस हुँदा भौतिक पूर्वाधार विकासबाट पछाडि परेको यी क्षेत्रमा अहिले आमूल परिवर्तन आएको छ । यी चार गाविस गाभिएर बनेको मकवानपुरगढी गाउँपालिकामा जनप्रतिनिधि आएपछि सडकसँगै एक दर्जन पुल निर्माणका चरणमा छन् ।

बर्खामा आवतजावत नै ठप्प हुने खोलामा भने गाउँपालिकाले पुल निर्माण गरिसकेको छ । गाउँपालिकाले जनप्रतिनिधि पाएपछि विकासमा फड्को मारेको हो । ठाउँ-ठाउँमा सडक निर्माणसँगै वर्षायाममा बाढी आउँदा खोला तर्न नसक्ने स्थानमा गाउँपालिकाले पक्की, फलामे पुल र कल्भर्ट निर्माण गरेको छ । बर्खामा सदरमुकाम हेटौँडासँगको सम्पर्क टुट्ने गरेको अवस्थाबाट गाउँपालिकाबासी मुक्त भएका छन् ।

गाउँपालिकाले ४ वर्षको अवधिमा ५ र ६ नम्बर वडाको मुख्य सडक (शहीद बासुदेव मार्ग) मा करिब ८० प्रतिशत सडक स्ल्याब ढलान गरिसकेको छ । यसैगरी १ नम्बर वडाको शिखरकटेरीबाट र ४ नम्बर वडाबाट गाउँपालिका केन्द्र पुग्ने सडकमा स्ल्याब ढलान भइसकेको छ । गाउँ-गाउँमा सडक, गाउँपालिका केन्द्र जोड्न ३ ठाउँमा पक्की पुल, हरेक वडाबाट गाउँपालिका केन्द्र पुग्न सडक र झोलुङ्गे पुल निर्माण तीव्र गतिमा अगाडि बढिरहेको गाउँपालिका अध्यक्ष विदुर हुमागाईं बताउँछन् ।

गाउँपालिकाले ४ वर्षमा १५ किलोमिटर स्ल्याब ढलान र सडक कालोपत्रे गरेको छ । ४० किलोमिटर सडकमा ग्राभेल र ५० किलोमिटर नयाँ सडक ट्र्याक खोलेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले ७० प्रतिशत आफ्नै बजेट र अन्य प्रदेश र संघीय सरकारको बजेटबाट पुल निर्माण गरिरहेको हो । आफ्नै बजेटबाट भने गाउँपालिकाले पुल निर्माण गरिसकेको छ । साना खोला, खोल्सी तर्नका लागि स्थानीयले समस्या भोग्दै आएकाले गाउँपालिकाले कल्भर्ट निर्माण गरेको अध्यक्ष हुमागाईं बताउँछन् । गाउँपालिकाका ८ वटै वडामा रहेका खहरे खोलाहरू र सामरी खोला ओहोरदोहोर गर्ने पुल नभएकै कारण धेरैले हरेक वर्षायाममा समस्या बेहोर्नुपऱ्यो । कतिपयले खोलासँगै बगेर प्राण त्यागेका पनि छन् ।

पुल नहुँदा गाउँपालिकाबासीले मृत्युवरण गर्नुपरेको कारण पनि पुल निर्माणलाई प्राथमिकताका साथ काम गरेको अध्यक्ष हुमागाईंले बताए । 'खोलाका कारण सबैभन्दा धेरै प्रभावित क्षेत्रमा प्राथमिकताका साथ पुल निर्माण गरिएको छ । चालु आर्थिक वर्ष र आगामी वर्षहरूमा पुल निर्माणको काम जारी रहन्छ,' उनले भने ।

संघीय सरकार र प्रदेश सरकारले पनि पुल र सडक निर्माणमा बजेट छुट्याएर काम भएको अध्यक्ष हुमागाईंले जानकारी दिए । संघीय सरकारको करिब १४ करोड लागतमा ६ नम्बर वडा र २ नम्बर वडा जोड्ने पक्की पुल निर्माण भइरहेको गाउँपालिकाका योजना शाखा प्रमुख प्रकाश न्यौपानेले जानकारी दिए । हरेक वर्ष वर्षायाममा सवारीसाधन सञ्चालनमा रोक लाग्ने ज्यामिरे खोलामा पुल बनेपछि गाउँपालिकाबासी खुसी छन् ।

यसैगरी गाउँपालिकाको पहलमा मकवानपुरगढी-४ वाइवा-डाँडा र मकवानपुरगढी-५ कालिवन जोड्ने झोलुङ्गे पुल निर्माण गरिएको छ । वडा नम्बर ८ ओखरडाँडा र भीमफेदी गाउँपालिकाको वडा नम्बर २ इचुङ जोड्ने झोलुङ्गे पुल निर्माण भइरहेको छ । मकवानपुरगढी-५ सिमल्टार र ४ नम्बर वडाको कुसुमटार जोड्न ६५ लाख लागतमा फलामे पुल निर्माण गर्न लागिएको गाउँपालिका अध्यक्ष हुमागाईंले जानकारी दिए ।

सडक नभएका र अहिले तत्काल समस्या भएका स्थानमा झोलुङ्गे पुल र फलामे पुल निर्माणले प्राथमिकता पाएका छन् । ६ नम्बर वडाको बाग्दली र ३ नम्बर वडाको देविडाँडामा जोडने स्टील ट्रस ब्रिज निर्माण भइसकेको छ । गाउँपालिका र संघीय सरकारको समपुरक बजेटबाट ४ करोड लागतमा पुल निर्माण भएको हो ।

सरमपुर र तल्लोछाप जोड्ने झोलुङ्गे पुल निर्माणको काम भइरहेको छ । वडा नम्बर १ र बकैया गाउँपालिका वडा नम्बर ११ जोड्न दुईवटा गाउँपालिकाको संयुक्त लगानीमा झोलुङ्गे पुल निर्माण भइरहेको गाउँपालिका उनले बताए ।

# मकवानपुरका ५१ प्रतिशत गर्भवती घरमै सुत्केरी हुन्छन्



◆ विकास संवाददाता

बागमती प्रदेशमा धेरै महिला अझै असुरक्षित ढंगले घरमै सुत्केरी भइरहेको पाइएको छ । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार गत आर्थिक वर्षमा ४० दशमलव ८३ प्रतिशत महिला घरमै सुत्केरी भएका छन् ।

निर्देशनालयले गत आवमा प्रदेशभर १ लाख ३२ हजार ६ सय ३३ जना गर्भवती हुने प्रक्षेपण गरेको थियो । त्यसमध्ये ७८ हजार ४ सय ८० अर्थात् ५९ दशमलव १७ गर्भवतीमात्र स्वास्थ्य संस्थामा सुत्केरी हुन आएको निर्देशनालयको तथ्यांक छ । तीमध्ये तालिम प्राप्त स्वास्थ्यकर्मीहरूबाट सुरक्षित ढंगले सुत्केरी हुने ५७ प्रतिशत छन् । अघिल्लो आवको भन्दा गत आवमा स्वास्थ्य संस्थामा सुत्केरी हुनेहरूको संख्या भने बढेको छ ।

निर्देशनालयका अनुसार अघिल्लो आवमा ५८ प्रतिशतमात्र स्वास्थ्य संस्थामा सुत्केरी भएका थिए । प्रदेशका १३ जिल्लामध्ये रसुवा, सिन्धुपाल्चोक र रामेछापमा घरमै सुत्केरी हुनेको संख्या बढी छ । रसुवामा २६ प्रतिशतमात्र स्वास्थ्य संस्थामा गएर सुत्केरी भएका छन् । 'सुत्केरी व्यथा लागेपछि धामी, झाँक्री लगाउने चलन छ,' रसुवाका इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाले भने, 'अशिक्षा र नजिक स्वास्थ्य संस्था नहुँदा पनि समस्या छ ।'

यसैगरी रामेछापमा ७२ प्रतिशत र सिन्धुपाल्चोकका ६९ प्रतिशत महिला घरमै सुत्केरी भएका छन यसैगरी सिन्धुली र धादिङमा ५८ प्रतिशत घरमा नै असुरक्षित ढंगले सुत्केरी भएका छन् ।

चितवनमा स्वास्थ्य संस्था पुगेर सुत्केरी हुने धेरै छन 'तर ती सबै चितवनका होइनन्,' जिल्ला स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारीले भने, 'चितवनका ८५ प्रतिशतभन्दा बढी गर्भवतीहरू स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने अनुमान गरेका छौं ।' ललितपुरमा ९० प्रतिशत र काठमाडौंमा ७२ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेका छन् ।

मकवानपुरमा ५१, काभ्रेमा ४९, दोलखामा ५१, नुवाकोटमा ५३ र भक्तपुरका ३८ प्रतिशत गर्भवती महिलाहरू असुरक्षित ढंगले घरमा नै सुत्केरी हुने गरेका छन् । संघसँगै स्थानीय तहले पनि स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई भत्ताको व्यवस्था गरेको छ । यसले पनि स्वास्थ्य संस्था सुत्केरी हुनेको संख्या बढिरहेको निर्देशनालयकी निर्देशक सावित्री पौडेलले बताइन् ।

# 'सेरेमोनियल प्लान्टेसन' अभियान

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१३ वृन्दावन वनस्पति उद्यानमा 'सेरेमोनियल प्लान्टेसन' को अभियान सुरू गरिएको छ । वृन्दावन वनस्पति उद्यानलाई स्थानीयमैत्री र सबैको आकर्षकको केन्द्र बनाउने अभिप्रायले स्वैच्छिक रूपमा जन्म दिन, वैवाहिक दिवस जस्ता पर्व एवं दिवसहरूको अवसरको संझनास्वरूप एक विरूवा रोपण गर्न सकिने गरी एक क्षेत्र छुट्टाएको छ ।

यहाँ विरूवा रोपण गर्नको लागि कार्यालयसँग समन्वय गरी कार्यालयले उपलब्ध गराएका विरूवामध्ये इच्छाइएको विरूवा रोपण गर्न सकिनेछ ।

विरूवा रोपण पश्चात कार्यालयले विरूवा र रोपणकर्ताको नाम सहितको विवरण लेखेर सानो वोर्ड पनि राखिदिनेछ र नियमित स्याहार संभार कार्यालयले गरिरहनेछ । यस कार्यक्रमप्रति धेरै मानिसहरूको आकर्षण बढ्दै गइरहेको छ । यहाँ बागमती प्रदेशका प्रदेश प्रमुख, प्रमुख सचिव देखि सर्व साधारण व्यक्तिहरूले विभिन्न अवसरमा विरूवा रोपण गरिसकेका छन् ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७४५३३००
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# १२ वटै वडा कार्यालय एकसाथ उद्घाटन गरिने




◆ विकास संवाददाता

थाहा नगरपालिकाको १२ वटै वडामा एमालेले वडा पार्टी कार्यालय स्थापना गर्ने भएको छ । १६ कात्तिकमा बसेको वडा पार्टी अध्यक्ष तथा सचिवहरूको बैठकले थाहानगरको सबै वडामा कार्यालय स्थापना गर्ने निर्णय गरेको हो ।

तिहारलगत्तै वडा कमिटीहरूको बैठक बसेर पायक पर्ने स्थानमा कार्यालय स्थापनाको निर्णय गर्ने र ११ मंसिर शनिबारका दिन सबै वडा कार्यालयहरूको एक साथ उद्‌ाटन गरिने एमाले थाहानगरका अध्यक्ष अच्युत्तमप्रसाद ढकालले जानकारी दिए ।

थाहा नगरमा गत ६ कात्तिकमा एमालेको वडा अधिवेशनबाट वडा कमिटीहरू निर्वाचित भएपछि पहिलोपटक नगर कमिटीसँग बैठक बसेर वडामै कार्यालय स्थापना गरेर वडावडामा व्यापक परिचालित हुने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

एमाले नगर अध्यक्ष ढकालको अध्यक्षतामा बसेको बैठकमा पार्टीका वडा अध्यक्षहरूले वडाहरूको राजनीतिक अवस्थाको बारेमा सुक्ष्म विश्लेषणात्मक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

बैठकमा एमाले जिल्ला सदस्य बिमलकुमार ढकाल, जिल्ला सदस्य सगुनकुमार ढकाल, थाहा नगर कमिटीका उपाध्यक्ष हेमकुमार थिङ, सचिब कुमार नेगी लगायतको सहभागिता रहेको थियो ।

# नेकपा (एस)को थाहानगर अध्यक्षमा गोपाली

◆ विकास संवाददाता



मकवानपुरको थाहा नगरमा एकीकृत समाजवादीको पार्टी कमिटी तथा युवाको संगठन निर्माण गरिएको छ ।

थाहानगरको विकास घरमा भएको भेलाले सानुकाजी गोपाली अध्यक्ष र हरिबहादुर स्याङ्तान सचिव रहेको ६३ सदस्यीय पार्टी नगरकमिटी गठन गरेको हो । यस्तै, ५१ सदस्यीय युवा संघ नेपाल थाहा नगरकमिटी पनि गठन गरिएको हो । पार्टी तथा युवा संघ नगर कमिटीका पदाधिकारी एवं सदस्यलाई आजै पद तथा गोपनियताको सपथ पनि खुवाइएको छ ।

भेलामा २ सय ५० जना बढीको उत्साहजनक सहभागिता रहेको जनाइएको छ । भेलाका प्रमुख अतिथी एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष श्रीधर पोखेलले एमालेका अध्यक्ष केपी शर्मा ओली कम्युनिष्ट हुनै नसक्ने भएकाले दुई तिहाईको भार थेग्न नसकेको बताए । ओलीले दम्भ देखाइरहेको बताउँदै नेता पोखेलले आगामी चुनावमा कम्युनिष्ट विरोधी ओलीको दम्भ जनताले तोड्ने चेतावनी दिए । ओली र ओलीले नेतृत्व गरेको एमालेले जनभावना भन्दा पनि आफू कमाउने दिशामा लागेको बताउँदै अब गाउँगाउँमा गएर एमालेले गरेको कर्तुतलाई आम जनताका बीचमा पुर्‍याउँनुपर्नेमा जोड दिए । उनले ओलीमा अहिले राजा बन्ने रहर जागेकोले एमाले अब कम्युनिष्ट नरहेको उल्लेख गर्दै विचार शून्य भएपछि धार्मिक एजेन्डा बोकेर हिडेको बताए । 'पानीको बोत्तल र बिजुलीको पोलमा फोटो टाँसेर अब नेता भइदैन । ' उनले भने ।

यस्तै,पार्टीका जिल्ला सचिव विष्णु दाहालले सूर्य चिन्ह पहिला रूपचन्द्र विष्टको चुनाव चिन्ह भएको स्मरण गर्दै चिन्ह भन्दा पनि विचारको पछि लाग्नुपर्नेमा जोड दिए । विकासघरमा भएको भेलामा पार्टी बागमती प्रदेश कमिटी सदस्य गौतमबुद्ध लामा, कल्याण विक्रम घलान, युवा संघ नेपाल मकवानपुरका अध्यक्ष एवं पार्टी मकवानपुरका सचिवालय सदस्य किरणमान बल, पार्टीका थाहा नगरका इन्चार्ज इश्वर रूम्बा, पार्टी सचिवालय सदस्य डम्बर लामा, जिल्ला सदस्य मधुकर कार्की, नवराज अर्याल, डम्बर बहादुर लामा लगायतको आतिथ्यता थियो ।

भेला नेकपा (एस) नेता सानुकाजी गोपालीको सभा अध्यक्षतामा भएको हो ।

# माओवादीकी वडा सदस्य उमेदवार एमाले प्रवेश



◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रबाट थाहा नगरपालिकाको वडा सदस्य उमेदवार एमाले प्रवेश गरेका छन् । थाहा नगरपालिका वडा नम्बर ५मा २०७४ सालको स्थानीय तह निर्वाचनमा माओवादी केन्द्रको तर्फबाट वडा सदस्य उमेदवार बनेकी बिमला पाख्रिन नेकपा एमाले प्रवेश गरेकी हुन् ।

माओवादीको सिद्धान्त, विचार र व्यवहार मन नपरेर आफू एमाले प्रवेश गरेको पाख्रिनले थाहा टाइम्सलाई बताइन् । गत १३ कात्तिकमा आयोजित एमाले थाहानगरको अधिवेशनबाट आफू एमाले प्रवेश गरेको पाख्रिनले जानकारी दिइन् ।

१३ कात्तिकमा माओवादी कार्यकर्ता पाख्रिनसहित थाहा ५ बाट १८ जना एमाले प्रवेश गरेको एमाले थाहानगर कमिटीले पुष्टि गरेको छ । उनीहरूलाई एमाले स्थायी कमिटी सदस्य टोपबहादुर रायमाझीले टीका र खादासहित पार्टीमा स्वागत गरेका थिए ।

थाहाको ४ र ५ नम्बर वडाबाट गरी एक महिनाको अवधिमा ८७ जना एमाले प्रवेश गरिसकेको एमाले प्रदेश कमिटी सदस्य बरिना बलले जानकारी दिइन् ।


थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८

जनगणनाको महत्व

जनगणनाबाट प्राप्त हुने नतिजाका आधारमा नै सरकारले समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने, सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने र स्रोत-साधनको परिचालन गर्छ । त्यसैले जनगणनामा हामी सबैको अपनत्व र सहभागिता जरूरी छ ।



मूल गणना : २०७८ कार्तिक २५ देखि मंसिर ९ गते



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद जोखिम योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैगिक तथा सामाजिक समावेशीकरणको अवस्था बारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन्, सुरक्षित गर्भावस्था, शिशु मृत्यूदर र मातृ मृत्यूदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सवारी चालक अनुमति पत्र हराएको सम्बन्धी सूचना !

मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नम्बर ३ निवासी सन्तोष के.सी.को सवारी चालक अनुमतिपत्र हेटौंडाबाट पालुङ (थाहा नगरपालिका)सम्मको यात्राको क्रममा मिति २०७८ कात्तिक ७ गतेदेखि हराएकोमा हालसम्म पनि फेला नपरेकोले फेला पार्नुहुने महानुभावहरुले खबर गरी उपलब्ध गराईदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

नाम : सन्तोष के.सी.
सवारी चालक अनुमतिपत्र नं. ०१-०६-००२४८ ०५२
सम्पर्क नं. : ९८४५७०५९२०

## शिक्षक आवश्यकता

यस विद्यालयको नि.मा.वि. तह कृषि (बाली विज्ञान) विषय अध्यापनका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका शिक्षक आवश्यकता परेको र सो को पदपूर्तिका लागि थाहानगर शिक्षा शाखा, इन्द्रायणी चौर, मकवानपुरको मिति २०७८/०७/१५ को च.नं. १०२४ को प्राप्त पत्र र यस विद्यालयको विद्यालय व्यवस्थान समितिको मिति २०७८/०७/१५ गते सबेको बैठकको निर्णय अनुसार निम्नानुसार १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका नेपाली नागरिकहरुबाट तोकिएको समय भित्र विद्यालय कार्यालयमा दरखास्त आव्हान गरिन्छ ।

**तपसिलः**

पद : नि.मा.वि. कृषि (बाली विज्ञान) सह प्रशिक्षक (शिक्षक)-१
तह : नि.मा.वि. तृतीय अस्थायी (करार)
सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार
शैक्षिक योग्यता : कम्तिमा प्राविधिक धार कृषि (बाली विज्ञान) विषयमा तीनवर्षे डिप्लोमा उतीर्ण वा सो सरह योग्यता प्राप्त
दरखास्त दिने अन्तिम मिति : २०७८ मसिर २ गतेसम्म (कार्यालय खुल्ने समय भित्र)
दरखास्त दस्तुर : १,५००/- (एक हजार पाँचसय रुपियाँ मात्र)
सम्पर्क मिति : २०७८/०८/०३ गते
परीक्षा मिति : २०७८ मसिर ४ गते शनिवार
परीक्षा हुने समय र स्थानः थाहा नगरपालिका शिक्षा शाखाले तोकेको समय र स्थान

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ थान
४. अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ प्रति
५. अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी

**थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला**

सम्पर्क फोन नं : ९८५५०६७६९५
पुनश्चः रीत नपुगी आएको र म्याद नाघी आएको आवेदन उपर कुनै कारबाही नहुने जानकारी गराइन्छ ।

*- सानोभाई कार्की (प्रधानाध्यापक)*

## NOVEL CORONA VIRUS (nCOV)

### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू


ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने


यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने


जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने


पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने


**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझैं पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी